## जिल्ला विपद् व्यवस्थापन समिति,बाँके

बाढीको कृतिम घटना अभ्यास
प्रतिवेदन

मिति २०७९ असार ६ गते

### १.पृष्ठभुमी

बाँके जिल्लाको प्रकोप मध्ये मुख्य प्रकोप बाढी नै भएकोले जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा बाढी केन्द्रित भएर बाढीको कृत्रिम घटना अभ्यास गरीएको हो ।

खोज तथा उद्दारका साधन र स्रोतको कमी हुँदा हुँदै पनि भइरहेका प्रकोपका घटना र त्यसबाट हुने तत्कालीन क्षतिलाई कम गर्न योजनाबद्ध रूपमा कार्य गर्नका लागि बिभिन्न योजना तथा निर्देशिका समेत तयार भएको र  प्रदेश,जिल्ला तथा स्थानिय तहस्थित सरोकारवाला निकाय, सुरक्षा निकाय,विपद् पीडित समुदायसँग नजिक रहेर समयमै विपद् व्यवस्थापनका गतिविधिहरू संचालनमा रहेका छन् ।

बाढी प्रभावित क्षेत्रमा हुनसक्ने जोखिमलाई न्यूनिकरण गर्नको लागि पूर्वसूचना प्रणाली , सुरक्षा संयन्त्र र सरोकारवाला निकायमा समन्वय गरिएको र विपद् भएको अवस्थामा तत्काल परिचालन हुने गरी सुरक्षा निकाय, रेडक्रस तथा अन्य संघसंस्थाका तालिम प्राप्त जनशक्ति तैनाथ गरिएको अवस्था छ । खोज तथा उद्धारमा बिशेष गरी नेपाली सेना, शसश्त्र प्रहरी बल र नेपाल प्रहरीलाई आवश्यक उद्धार सामाग्री सहित बिभिन्न स्थानहरुमा परिचालन हुने गरी मिति २०७८ जेष्ठ २६ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार २०७९ असार ६ गते रासी नदिमा बाढी सम्वन्धि कृत्रिम घटना अभ्यासको आयोजना गरिएको हो। आन्तरिक मामिला तथा सचार मन्त्रालय तथा जिल्ला विपद् व्यवस्थापन समिति बाँकेको आयोजना तथा सुरक्षा निकाय,रेडक्रसको सहभागितमा आइओएमको प्राविधिक सहयोगमा  सबै सुरक्षा निकायहरुलाई परिचालन गरि खोज तथा उद्धारको कृतिम घटना अभ्यास सम्पन्न गरिएको छ ।

### २.उदेश्य

- जिल्लामा हुने बाढीमा सवै सरोकारवालाको सहभागितामा द्रुत प्रतिकार्य गर्न सहज
- उपलव्ध स्रोत साधन तथा जनशक्तिको प्रयोग तथा अवस्था विश्लेषण
- प्रदेश,जिल्ला तथा स्थानिय तहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिक्षण
- सवै सरोकारवालाहरुको समन्वय तथा सहकार्य

### ३.सिमुलेसन मुख्य मुख्य गतिविधि

- नेपाली सेना, शसस्त्र प्रहरी, नेपालप्रहरी, रेडक्रसको सहभागितामा कृतिम घटना अभ्यास भएको
- कृतिम घटना अभ्यासकालागि सम्वन्धित कार्यालयको भुमिकाअनुसारको सम्पुर्ण तयारी स्वंयम कार्यालयको सहभागीतामा सम्पन्न

- सवै सुरक्षा निकायवाट सामाग्रीको प्रयोग गरि उद्धार र प्राथमिकउपचार गरी अस्पताल तर्फ पठाइएको ।
- हाल उपलव्ध खोज तथा उद्धार सामाग्रीहरु प्रयोग भएको, पहिलो दिन अभ्यास गरी दोस्रो दिन कृत्रिम अभ्यास गरीएको ।
- परिदृष्यको अनुगमन तथा उद्धाटन शत्रका लागि आन्तरिक मामिला तथा सचार मन्त्री तिलकराम शर्मा, प्रदेश सांसद कृष्णा केसी, नेपाली सेनाका उपरथी उत्तम कुमार विष्ट, सशस्त्र प्रहरी वरिष्ठ उपरिक्षक दिग्विजय सुवेदी, जिल्ला समन्वय उपप्रमुख सिता कार्की, डुडुवा गाँउपालिका उपाध्यक्ष प्रमुख जिल्ला अधिकारी सूर्य वहादुर खत्री, गृह मन्त्रालय, सघिय मामिला तथा सामान्य मन्त्रालयका प्रतिनिधि, जिल्लाका सुरक्षा प्रमुखहरु विषयगत कार्यालयका प्रमुख, प्रदेश कार्यालयका प्रतिनिधि, रेडक्रस बाँकेका पदाधिकारी तथा आइओएमको सहभागिता थियो।
- सिमुलेसन कार्यक्रममा आन्तरिक मामिला तथा सचार मन्त्रालय जिल्ला विपद् व्यवस्थापन समिति, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, रेडक्रस तथा आइओएमको सहभागीता तथा सहयोगमा सयुक्त रुपमा करिव २०० जनाको सहभागितामा सम्पन्न ।

## ४. परिदृष्यका मुख्य मुख्य विषयहरु

४.१ यस प्रर्दशनीको दौरानमा विभिन्न प्रविधिहरु तथा समाग्रीको प्रयोग गरिने छ ।प्रर्दशनी हूने ईलाका खतरा भन्दा बाहिर भएता पनि अभ्यासमा सहभागी तालिएका व्यक्तिहरु बाहेक अन्य व्यक्तिहरुलाई नदिको छेउमा जान निषेध गरिएको छ । अभ्यासको समयमा यदि कोही व्यक्ति घाईते भएको खण्डमा Medical Team/Medical Point मासहयोग लिन सक्ने छन ्भने emergencyउद्धारको लागि एम्बूलेन्स Standby राखिएको छ ।
४.२ थप सूरक्षाको लागि २ वटा Safety rope तथा पांचवटा लाईफ ज्याकेट अभ्यास ईलाकाको छेउमा राखिएको छ ।

४.३. प्राकृतिक प्रकोप कूनैपनि समयमा विना सूचना आउने र यसले ठूलो मात्रामा मानब,जीवजन्तू तथा धनजनको क्षेति गर्ने हूनाले हामी हर हमेशा होशियार रही हरहालतमा तयारी अबस्थामा रहनू अत्यन्त आवश्यक रहेको छ । विपदको समयमा स्थानिय जनताहरु नै First Responder को रुपमा कार्य गर्नूपर्ने भएता पनि नेपाली सेना, नेपालप्रहरी, शसस्त्र प्रहरी, Nepal Red Cross Society लगायत अन्य विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको महत्वपूर्ण भूमिका रहदै आईरहेको छ ।

४.४. बाढी/डुवान दृष्टिले बाँके जिल्लालाई अति सम्वेदनशिल जिल्लाको रुपमा लिन सकिन्छ । जिल्लामा रहेको राप्तीनदी आसपासको क्षेत्र बाढी/डुवानको हिसाबले अति नै संवेदनशिल क्षेत्र रहेको छ । यस क्षेत्रमाबग्ने राप्तीनदी र यसका सहायक नदी तथा खोलाहरुले बर्षेनी लाखौ Metric Ton उर्वरा माटो बगाउनूको साथै धनजनको क्षति बढ्ने सम्भावनालाई द्रूतगतिमा फैलाउंदै लगेको तथ्याङ्कमा पाइन्छ ।

४.५. यसरी बाढीको समयमा उद्धारको निम्ति नेपाली सेनाको साथमा नेपालप्रहरी, सशस्त्र प्रहरीको खोज तथा उद्धार पश्चात् पिडितहरुलाई व्यवस्थापनको निम्तिCluster Groupहरुको सहायता मा विपद् जोखिम न्युनिकरण गर्न सकिन्छ ।

४.६. Cluster Groupsहरुको आफ्नो जिम्मेवारी तथा नेतृत्व गर्ने हरहमेशा तयारी हालमा रहनूपर्ने देखिन्छ र प्रदेशको मनसुन पुर्वतयारी तथा प्रतिकार्य योजना ले पनि निर्देश गर्दछ ।आज प्रस्तूत हून गईरहेको यस बाढी सम्वन्धि कृत्रिम घटना अभ्यासको दौरानविपदको समयमा विभिन्न सूरक्षानिकायहरु द्वारा गरिने खोज तथा उद्धारको कारबाही र उद्धार पश्चात प्रदेश तथा जिल्लाका विभिन्न Cluster Groupहरुको जिम्मेवारी एवमकार्य प्रणालीयहाहरु समक्ष प्रस्तूत गर्न गईरहेका छौ ।

## कृत्रिम घटना अभ्यास डेमो संचालनको उदेश्य

४.७. अत्याधिक बर्षाबाट सिर्जना हुने बाढीले बस्तीहरुमा पुग्ने क्षतिको अवस्थामा प्रभावित जनताहरुलाई नेपाली सेना,शसस्त्र प्रहरी, र नेपालप्रहरीसंग उपलब्ध रहेको साधनतथा स्रोतहरुको उपयोग गर्दै उद्धार कार्य गर्ने तरिकाहरुको जानकारी साथै विभिन्न Cluster Groupहरुको जिम्मेवारी एवमकार्य प्रणालीको जानकारीगराउनु हो

प्रदेशको मनसुन पुर्वतयारी तथा प्रतिकार्य योजना हालै मात्रप्रदेश विपद् व्यवसथापन कार्यकारी समितिबाट पारित भएको सन्दर्भमा यस अभ्यासको महत्व अझ धेरै हुने आशा राखेको छ ।
यसैगरी यसता अभ्यासले तालिम प्राप्तजन शक्तिलाई थप आत्मभरोसा दिलाउन सहयोग गर्नेछ भन्ने पनि हो

## कृत्रिम घटना अभ्यासको लागिमानिएका तथा कल्पना गरिएको कुराहरु

४.८. यस अभ्यासमा उपस्थित महानूभावहरुलाई बूझ्न सजिलो होस् भन्ने उद्देश्यले यस अभ्यसमा एक काल्पनिक प्रकोपको कल्पना गरिएको छ ।

४.९. विगत केही दिनयताको अविरल बर्षाका कारण बाँके जिल्लाको पूर्व दिशाबाट पश्चिम दिशातर्फ बग्ने राप्तीनदिको एउटाभागले डुडुवा गाँउपालिकाको बस्तीमा पसी सम्पूर्ण बस्तीहरुलाई डुवानमापारेको अवस्था रहेको छ । गाँउभरी अहिले भयाबह स्थितीको सृजनाभएको छ । स्थानीय गाउलेहरु लगायत डूवानमा परेका व्यत्तिहरु सहायोग एवम उद्धारका लागी कराईरहेका छन् । सूरक्षानिकायका खोज तथा उद्धारको टोलीआउनू पूर्व सोही गाँउका स्थानीय एवम तालिम प्राप्त स्वयम सेवकहरु First responder को रुपमा आफूले जानेका सिप एवम कलाहरुको प्रयोग गरी उद्धार प्रयास गरिरहेका छन् ।

४.१०. अभ्यासको लागि अहिले यहा स्थानीय तथा Volunteers हरुको रुपमा नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको खोज तथा उद्धारको टोलीले भूमिका निर्वाह गरिरहेको यहाहरुलाई अवगत गराउन चाहन्छू । वास्तविक समयमा हो भने अहिलेको सूरक्षा निकायको व्यक्तिहरुको स्थानमा स्थानिय जनताहरुले नै उद्धारको कार्य गर्दछन् । हामी देख्न सक्छौ लामो बासको भाटा , Throw

Back Technique हरुको प्रयोग गरी स्थानिय तथा तालिम प्राप्त Local Volunteersहरुले बाढीले बगाएका तथा बाढीमा फसेका व्यक्तिहरुको उद्धार गर्ने प्रयास गरीरहेका छन् ।

४.११. अव म यहाहरु समक्ष जिल्ला प्रशासन कार्यलयमा भईरहेका गतिविधीहरु तर्फ ध्यानार्कषण गराउन चाहन्छू । स्थानिय जनता तथा नजिकको प्रहरी चौकीबाट घटना बारे जिल्ला प्रशासन कार्यलयम को जिल्ला आपतकालिन कार्यसचालनमा जानकारी भएको छ । तत्काल जिल्ला स्थित प्रमूख जिल्लाका अधिकारी ज्यू बाट खोज तथा उद्धार कार्यको लागि सूरक्षा निकायहरुलाई विपदबारे जानकारी हून्छ । उक्त विपदबारे जानकारी हूना साथ छिटो भन्दा छिटो नेपाली सेना, नेपालप्रहरी तथा सशस्त्र प्रहरीको DART (Disaster Assessment rescue Team ) प्रभावित क्षत्रमा परिचालित हून्छन् । यसै समयमा जिल्ला प्रशासन कार्यलयबाट उद्धार गरिएका घाईतेहरुको प्रथमिक उपचारको लागि जिल्ला स्थित स्वास्थ्य संस्थाहरु, Nepal Red Cross Society लाई उक्त ईलाकामागई कार्य गर्न निर्देशनदिईएको छ ।

४.१२. अहिले प्रमूख जिल्ला अधिकारी ज्यू बाट आपतकालिन विपद व्यवस्थापन समितीको बैठक आयोजन गर्नू भई जिल्ला स्थित सम्पूर्ण सूरक्षा निकायका प्रमूखहरु लगायत उद्धारमा खटिने सम्पूर्ण Cluster Groups हरुको प्रतिनिधिहरु संम्मेलित आपतकालिन बैठक आयोजन गर्नू भएको छ । उक्त बैठक बाट आपतकालिन कार्यसंचालन केन्द्र संचालन गर्ने निर्णय भएको छ ।

४.१३. आपतकालिन कार्य संकलन केन्द्र अन्तरगत विभिन्न Cluster Groups हरु एवम अन्य सरोकार वालाहरुलाई उक्त ईलाकामागइ आ-आफ्नो जिम्मेवारी कार्य गर्न निर्देशन भए बमोजिम अहिले सम्पूर्ण Cluster Groups र सरोकारबालाहरु आ-आफ्नो जिम्मेवारी कार्य गर्न परिचालित भएमा छन् । विपदको प्रारम्भिक द्रूत लेखा जोखाकार्यको लागि नेपाल रेडकस सोसाइटी, स्थानिय तह र प्रहरी परिचालन भएका छन् ।

४.१४. अब म यहाहरुको ध्यान आर्कषण बाढी प्रभावित ईलाकातर्फ गर्न चाहान्छु। यति बेला नेपाली सेना, शसस्त्र प्रहरी तथा नेपाल प्रहरीको संयुक्त Water Rescue टोलीसंग उपलब्ध भएको Special Rescue Equipment तथाImprovised Swimming AIDS का साथै Water Rescue टोलीलगायतMedical First Responder Team बाढी प्रभावित ईलाकामा तैनाथभईसकेको छ ।

४.१५. बाढी प्रभावित क्षेत्रहरुमा सुरक्षा टोलीले सुरक्षाप्रदान गरी रहेको छ भने उद्धारमा खट्टिएका कमाण्डरले बाढीग्रस्त ईलाकामा उपलब्ध स्थानिय बासिन्दासंग उद्धारका लागि आवश्यक खबर हासिल गरिहेका छन् ।

४.१६. Rescue टिमका सदस्यहरु पिडित तथाआफन्तहरुको आक्रोशलाई शान्तपार्न सम्झाउन कोशिस गरिरहेका छन् ।

४.१७. Rescue कमाण्डरले Briefing का साथ फौजलाई टोली टोलीमा विभाजन गरि परिचालित भईसकेका छ । यसै क्रममा नेपाली सेना/शसस्त्र प्रहरी,Rescue Team ले Rope र Carrabinको सहायताले Safety Line तयार गरी सकेको छ । यस्तो Safety Line बनाएपश्चात सो स्थानबाट बगाएका मानिसको उद्धार गरिन्छ ।

४.१८. अहिले Rubber Boat मा भएको Rescue कमाण्डर र टोलीले Boat लाई यथास्थानमा रोक्नको लागिAnchor को प्रयोग गरी Moring को कारवाही गरी रहेको छ । अर्को तर्फ Throw Bag को सहायताले बगेका व्यक्तिहरुलाई Boat तर्फ तानेर उद्धार गरि रहेको छ । Life Buoy Ring तथाImprovised swimming Aids (Bottle) लाईबगाई रहेको व्यक्तिहरु तर्फ फ्याकी उद्धार कार्य गरि रहेका छ ।

४.१९. अहिले Improvised Aids (Bottle) को सहायता र Safety Line को सहायताले विपदमा परेका व्यक्तिहरुलाई उद्धार गरि रहेका छन् भने अर्को तर्फ २ जना Rescue Team ले पानीमा डुबेर धेरै पानीखाएका र अर्धचेत अवस्थामा रहेका घाईतेलाई बढी साहसीपूर्वक सुरक्षित साथपानीको सतहदेखि बाहिर निकाल्ने प्रयास गरि रहेका छन् ।

४.२०. अहिले Rescue कमाण्डरले Boat लाई नदिको किनारमा बेश लाईनका सहायताले Anchorage गरिरहेको छ । साथै थपमद्धतको लागिपठाईउको OBM जडित Boat समेत बाढीग्रस्त स्थानमाआई पूगेको छ । उक्त ईलाकामा संभावित घाईतेहरुको खोजी गरिहेको छ ।

४.२१. मेडिकल First Responder टोलीले उद्धार गरी निकालिएका घाईतेहरुलाई उनीहरुको अवस्था हेरी First Aid गरि रहेको छ ।

४.२२. अव म यहाहरुको ध्यानआर्कषण निलो झण्डा राखेको स्थानतर्फ गराउनचाहन्छु । यस स्थानमा उद्धार गरिएका व्यक्तिहरुलाई थप उपचारको लागि Medical Point स्थापना गरिएको छ । उद्धार गरिएको घाईतेलाई Nepal Red CrossSociety का स्वयम सेवक तथा नेपाल प्रहरीका उद्धार टोली द्वारा Stretcher मा राखेर Medical Point मा लगिएको छ । यस ईलाकामा घाईतेको प्रकृतीअनूसार वर्गीकरण गरी घाईतेहरुलाई Nepal Red Cross Society का सदस्यहरु तथा स्वास्थ्य संस्थाकाव्यक्तिहरुबाट प्राथमिकउपचार भईरहेको छ । हामीदेख्न सक्छौ घाईतेको अवस्थागम्भीर भएकोले Ambulance द्वारा थपउपचारको लागिअसपताल(Hospital)तर्फ लगिएको छ ।

४.२३. अब म यहाहरुको ध्यानआर्कषण हाम्रो दाया/बायातर्फ विभिन्न Cluster Gropus हरुको स्थान रहेको ठाउतर्फ गराउन चाहन्छु । हामी देख्न सक्छौ उद्धार पश्चात् पिडितहरुलाई व्यवस्थापनको निम्ति मन्त्रालयको समन्वयमा Cluster Group हरुले सहयोगको प्रयास गरिरहेका छन ।खाद्य समाग्री,गैर खाद्य सामग्री वितरण कार्य तथा खानेपानी र सरसफाईको कार्य भईरहेको हामि देखन सक्छौ ।

४.२४. त्यस्तै गरी नेपाल रेडक्रस सोसाइटीर IOM द्वारा आपतकालीन आश्रयस्थल र दिर्घकालिन अवस्थाकोलागी शिविर समन्वयतथा व्यवस्थापनको कार्य भईरहेको छ । ठुलो घटनाहरुमा धेरै मानिसहरु विस्थापित हुने गर्छन् । यसतो समयमा शिविर निर्माण गरी मानिसहरुको व्यवस्थापन गर्न पर्ने हुनसक्छ ।

४.२५. स्वास्थ्य कार्यलय बाँके अन्तरगत स्वास्थ तथा पोषण उप समितिले स्वास्थ्य व्यवस्थापन सम्बन्धी आफ्नो कार्य गरी रहेको हामी देख्न सक्छौ ।

४.२६. अर्कोतिर हामी देख्न सक्छौ प्रकोप पिडित केही व्यक्तीहरुद्धारा राहत वितरणमा असन्तूष्ति जनाई हूलदंगा तथा प्रर्दशन गरीरहेका छन् । आफूले उचित राहत नपाएको र नाम छुटेको भनी पीडितहरुले आन्दोलन गरी रहेका छन् । अहिले नेपाल प्रहरी द्धारा उक्त भिड नियन्त्रण गर्ने प्रयास गरी रहेका छन् । र अन्तमा विभिन्न सरोकारवालाहरु, नेपालप्रहरी र पिडित पक्षहरु विच वार्ता गरी अहिले भिड नियन्त्रण भएको छ ।

४.२७. अहिले प्रदेश सरकार,स्थानीय तह र जिल्ला प्रशासन कार्यलयको मातहतमा बाढीले पूऱ्याएको क्षेतिबारे बहू क्षेत्रगत विस्तृत लेखाजोखाको कार्य भईरहेको छ ।

४.२८. अहिले पर्यटन, ग्रामिण तथा सहरी विकास मन्त्रालय अन्तरगत पिडित व्यक्तिहरुलाई बासस्थान निर्माणको कार्य भईरहेको छ । बाढीले घर गोठ बगाएका परिवारहरुको लागि अस्थाई बासस्थान र शौचालय बनाउनको लागि नेपाली सेना ,सशस्त्रप्रहरी ,नेपालप्रहरी,नेपाल रेडक्रस सोसाइटीका स्वयमसेवकहरु र स्थानीयजनसमूदायहरु निर्माणकार्य गरि रहेका छन् ।

४.२९. अब म यहाहरुको ध्यानार्कषण नदीतर्फ गराउनचाहन्छू ।खोज तथाउद्धारको समयमा स्थानीय स्रोत तथा साधनहरुको प्रयोग गरी Improvisedतरिका बाट पानिमा तैरीन सक्ने केहीतरिकाहरु नेपाली सेनाबाट प्रस्तूतहूनगईरहेको छ :

(क)पानिको बोतल
(ख)जर्किनको प्रयोग
(ग)पानिको तूम्लेट
(घ)म्याट

४.३०. विपदभन्ने कूरा विनाकूनै जनाउ, विनाकूनै सूचनाआउने र यसले धेरै मानवियएवमधनजनको क्षेति गर्ने भएकोले विपदको रोकथाम, विपदको समयमा उद्धार तथा विपद पश्चात गरिने काम कारबाहीहरुमा हामी सदैब तयारी हालतमा रहनूपर्ने देखिन्छ । यसले विपदबाट हूने क्षेति न्यूनिकरण गर्न मद्दत पूर्याउछ ।

४.३१. आजको हाम्रो बाढी/डुवान केन्द्रितकृत्रिम घटना अभ्यासको मूख्य उद्देश्य विभिन्न सूरक्षानिकाय,विभिन्नCluster Groups र विभिन्न सरोकारवाला निकायहरुको विपदको समयमा गर्नूपर्ने सहकार्यको अभ्यास,सम्पूर्ण सूरक्षानिकायहरुको विपदको समयमा गरिने खोज तथाउद्धारकार्यको अभ्यास र खोज तथाउद्धार कार्यमा स्थानियVolunteersख हरुलाई दक्षजन शक्तिको रुपमा उत्पादन गरी उद्धार कार्यमा तयार गर्ने रहेको छ ।

४.३२. यही आएर आजको यस कृत्रिम घटना अभ्यास समाप्त भएको यहा उपस्थित सम्पूर्णमा जानकारी गराउदछू । हामी आशा गर्दछौ यो अभ्यासबाट पकै पनि यहाहरुले विपदको समयमा खोज तथाउद्धार कार्य र विपद व्यवस्थापन सम्बन्धीलाभ दायी ज्ञान हासिल गर्नू भएको छ ।

अनुसूची.१ सिमुलेसन सम्वन्धि प्रकाशित समाचार र तस्विरहरु

nepalgunjnews.com
मंगलबार ०७ असार २०७९, Tuesday, 20 June 2022
दैनिक नेपालगन्ज www.dainiknepalgunj.com ४

# बाढीको कृत्रिम घटना अभ्यास

समाचारदाता
दैनिक नेपालगन्ज

राप्ती नदीको सिधनिया घाटमा प्रदेशस्तरीय कृत्रिम घटना अभ्यास गरिएको छ। आन्तरिक मामिला तथा संचार मन्त्रालय, लुम्बिनीको आयोजनामा सोमवार बाढीका बखत हुने खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन कृत्रिम घटना अभ्यास गरिएको हो।

कार्यक्रममा आन्तरिक मामिला तथा संचार मन्त्री तिलक शर्माले विपद् प्रतिकार्यकालागि यस्तो अभ्यास निकै प्रभावकारी हुने बताए। मन्त्री शर्माले विपद्का काम गर्ने सबै सरोकारवालासँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउन कार्यक्रमको आयोजना गरिएको बताए।

यसखालको आयोजनाले प्रदेश, जिल्ला तथा स्थानीय तहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन, खोज तथा उद्धारमा



प्रयोग हुने साधन स्रोत र जनशक्तिको व्यवस्थापन प्रभावकारी हुने मन्त्री शर्माको भनाइ थियो।

बाँकेका प्रमुख जिल्ला अधिकारी सूर्य बहादुर खत्रीको अध्यक्षतामा भएको कार्यक्रममा बाढीका बखत हुने घाइतेको खोज तथा उद्धार, बेपत्ताको खोजी, घाइतेको प्राथमिक तथा मेडीकल उपचार विधिलाई अभ्यासमा देखाइएको थियो। रबर बोट, मोटर बोट, गोताखोर लगायतको प्रयाग गरी घटना अभ्यास गरिएको जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रका सूचना व्यवस्थापन अधिकृत रुपन ज्ञवालीले जानकारी दिए।

सूचना व्यवस्थापन अधिकृत ज्ञवालीका अनुसार, जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र रेडक्रस जनशक्तिको सहभागिता तथा आइएमओको प्राविधिक सहयोगमा कृत्रिम घटना अभ्यास गरिएको हो। 'बाढीका बेला यो निकै दीगो र प्रभावकारी मानिएको छ,' उनले भने।






नि:शुल्क
बर्षातको समयमा हुने पानीजन्य रोग प्रति सजग रहौं।
Admission Open !



# बाढीको कृत्रिम घटना अभ्यास

मिसन संवाददाता
नेपालगन्ज, ६ असार

बाँकेमा बाढीको कृत्रिम घटना ...भ्यास गरिएको छ। बाढीमा ...सेका व्यक्तिको रबर बोट, मोटर ...ट, गोताखोरको प्रयोगबाट खोज ...था उद्धार, बेपत्ताको खोजी, ...इतेको प्राथमिक उपचार विधिलाई ...भ्यास गरिएको हो।

लुम्बिनी प्रदेश सरकारको ...न्तरिक मामिला तथा सञ्चार ...न्त्रालयको आयोजना तथा जिल्ला ...पद व्यवस्थापन समितिको ...मन्वयमा नेपाली सेना, नेपाल प्रहरी, ...शस्त्र प्रहरी र रेडक्रस जनशक्तिको ...हभागिता तथा आइएमओको ...विधिक सहयोगमा राप्ती नदीको ...धनिया घाटमा सोमवार कृत्रिम ...टना अभ्यास गरिएको थियो।

लुम्बिनी प्रदेशका आन्तरिक ...मिला तथा सञ्चारमन्त्री तिलक ...र्माले प्रदेश, जिल्ला तथा स्थानीय ...हको विपद पूर्वतयारी तथा ...तिकार्य योजनाको कार्यान्वयन, ...ोज तथा उद्धारमा प्रयोग हुने साधन ...ोत र जनशक्तिको व्यवस्थापन ...था विपदका काम गर्ने सबै



सरोकारवालासँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउन कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गरे। बाँकेका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेशसभा सदस्य कृष्णा केसी 'नामुना', नेपाली सेनाका उपरथी जनककुमार विष्ट, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक दिग्विजय सुवेदी, जिल्ला समन्वय उपप्रमुख सीता कार्की, डुडुवा गाउँपालिकाका उपाध्यक्ष साहिदा बानु, जिल्लाका सुरक्षा प्रमुखहरू, गृह तथा संघीय मामिला तथा सामान्य मन्त्रालयका प्रतिनिधि, विषयगत कार्यालयका प्रमुख, रेडक्रस बाँकेका पदाधिकारीको सहभागिता रहेको थियो।

www.samayapatra.com
समयपत्र
समुदायमा सञ्चार



# खोज तथा उद्धार कार्य प्रभावकारी वनाउन कृत्रिम घटना अभ्यास

**समयपत्र** - २०७९ असार ६ गते



33 Shares

नेपालगन्ज । बाढीका वखत हुने खोज तथा उद्धार कार्यलाई प्रभावकारी वनाउन प्रदेशस्तरीय कृत्रिम घटना अभ्यास मंगलवार राप्ती नदीको सिधनिया घाटमा गरिएको छ ।

आन्तरीक मामिला तथा संचार मन्त्रालय, लुम्विनी प्रदेशको आयोजना तथा जिल्ला विपद व्यवस्थापन समितिको समन्वयमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र रेडक्रस जनशक्तिको सहभागिता तथा आइएमओको प्राविधिक सहयोगमा कृत्रिम घटना अभ्यास गरिएको हो ।

प्रदेश,जिल्ला तथा स्थानिय तहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन, खोज तथा उद्धारमा प्रयोग हुने साधन स्रोत र जनशक्तिको व्यवस्थापन तथा विपद्का काम गर्ने सवै सरोकारवालासंगको समन्वय तथा सहकार्यलाई प्रभावकारी वनाउन कार्यक्रमको आयोजना गरिएको कार्यक्रमका प्रमुख अतिथि आन्तरिक मामिला तथा संचार मन्त्री तिलक शर्माले वताउनु भयो ।

(बाँके जि.प्रा.द.नं. ३४/५५-५५)
बाँके जि.हु.प्रा.द.नं. ०८/६८-६९)
kalpristha.news@gmail.com
Tuesday 21 June 2022, मंगलबार ७ असार २०७९

# राप्ती नदीमा कृत्रिम अभ्यास गरियो

**कालपृष्ठ समाचारदाता**
*नेपालगन्ज, ६ असार*

राप्ती नदीको सिधनियाघाटमा बाढी पूर्वतयारी कृत्रिम घटना अभ्यास गरिएको छ। सोमबार कार्यक्रममा लुम्बिनीका आन्तरिक मामिला तथा सञ्चार मन्त्री तिलक शर्मा, प्रदेश सांसद कृष्णा केसी, बाँकेका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्री, नेपाली सेनाको श्री नं. ४ बाहिनीका बाहिनीपति व्यक्तिको उद्धार र धनजनको क्षति रोक्नका लागि तिन वटै सुरक्षा निकायले राम्रो अभ्यास गरेको बताए।

वर्षेनी यसप्रकारको घटना अभ्यास गर्ने गरिन्छ। बाँकेमा



नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको सहभागितामा बाढीमा बगेका मानिसहरूको उद्धार तथा खोजतलासको कृत्रिम घटना अभ्यास गरिएको हो ।

कृत्रिम घटना अभ्यास उत्तम विष्टलगायतको उपस्थिति रहेको थियो ।

मन्त्री शर्माले यस्ता घटना अभ्यासले काममा निपुणता आउने बताए। प्रमुख जिल्ला अधिकारी खत्रीले बाढीमा परेका वर्षेनी नै डुवान, कटान र पटान हुने गर्दछ। राप्ती नदीमा भारतले एकतर्फी बनाएको लक्ष्मणपुर बाँधले पानीको प्राकृतिक बहाव रोकिदिँदा नदीको तटीय क्षेत्रका बासिन्दा डुबानमा पर्ने गर्दछन् ।

... फर्किएका ३ जनामा कोरोना पुष्टि